# मानेभन्ज्याङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश,नेपाल


पत्र संख्याः २०८०/८१
सुचना नम्बरः ३५

ने.स.: ११४४ चिल्लागा, ०३ बिहिबार
मितिः २०८०/१२/१५

### मेलमिलापकर्तामा सूचिकृत हुने सम्बन्धी सुचना !

प्रस्तुत सम्बन्धमा **"मानेभन्ज्याङ गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४"** को दफा ६० अनुसार मेलमिलाप कर्ताहरुको सूची प्रत्येक बर्ष अद्यावधिक गर्नु पर्ने व्यवस्था भएको र मिति २०८०/१२/१४ गतेको यस समितिको निर्णयानुसार सुचिकृत हुनको लागी ऐ. **ऐनको दफा ५९ अनुसार वा "मेलमिलाप कार्यसञ्चालन कार्यविधि,२०८०" को दफा ८** अनुसारको तपशिलको योग्यता पुगेका इच्छुक यस गाउँपालिकाका नागरिकहरुलाई सोही ऐनको अनुसूची १३ बमोजिमको ढाँचामा आवश्यक कागजात र रु १००।— को सक्कल आम्दानी रसिद संलग्न गरी ०७ (सात) दिन २०८०/१२/२२ गते) भित्र न्यायिक समितिको सचिवालयसमक्ष निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

अनुसूची १३ बमोजिमको निवेदनको ढाँचा यसै सूचनामा संलग्न छ ।

तपशिल

१. नेपाली नागरिक
२. शैक्षिक योग्यता ( कम्तीमा एस.इ.इ. वा सो सरह उतिर्ण गरेको), न्यायिक समितिमा दर्ता भएका तथा न्यायिक समितिद्वारा स्थापना गरिएका मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरुमा मेलमिलाप कर्ता गराउनका लागि आठ कक्षा उतिर्ण गरेको व्यक्तिलाई बाधा पर्ने छैन ।
३. मेलमिलाप सम्बन्धी ४८ घण्टाको तालिम लिएको ।
४. उमेर १८ वर्ष पुरा भएको ।

**थप जानकारीको लागीः**

अभिलेख प्रशासक श्री बसन्ता कुमारी राई (९८६९२१७३६८) सँग कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

..................
सकेन्द्र राई
उजुरी प्रशासक

अनुसूची–१३

(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)

मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा

न्यायिक समिति

मानेभन्ज्याङ् गाउँपालिका समक्ष पेश गरेको

निवेदन

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी ........... गाउँपालिकाको न्यायिक समिति अन्तर्गतका ........... मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

तपसिल

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) एस.इ.इ. वा सो सरह उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अनुभव र

५) व्यत्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः .....................

दस्तखतः ...............

मितिः ............